# नेपाल आयल निगम लिमिटेड

**सूचना नं. ५/२०७२–७३**

यस निगममा रिक्त रहेका देहायबमोजिमका पदहरू खुला प्रतियोगिताद्वारा छनौट गरी स्थायीरूपमा पूर्ति गर्नका लागि इच्छुक योग्य नेपाली नागरिकहरूबाट यो सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले २१ दिनभित्र र दोब्बर दस्तुर तिरी म्याद सकिएको मितिले ७ दिनभित्रमा निगमको केन्द्रीय कार्यालय बबरमहल, काठमाडौंमा आइपुग्ने गरी दरखास्त आह्वान गरिएको छ। दरखास्त फाराम निगमको केन्द्रीय कार्यालय, बबरमहल काठमाडौंबाट रू.२५ (पच्चीस) तिरी प्राप्त गर्न सकिनेछ। उम्मेदवारले दरखास्तसाथ संलग्न व्यक्तिगत विवरण फाराममा हालसालै खिचेको पासपोर्ट साइजको फोटो निर्दिष्ट स्थानमा टाँसी फोटो र फाराम दुबैमा पर्ने गरी दस्तखत गर्नुपर्नेछ। उमेर, शैक्षिक योग्यता, अनुभव, नागरिकता आदिको प्रमाणपत्रको प्रतिलिपी १/१ प्रति तथा दरखास्त दस्तुर र परीक्षा दस्तुरबापतको रकम रा.वा.बैंक बबरमहल, काठमाडौंस्थित निगमको चल्ती खाता नं. १०९००६६२९४०१ मा जम्मा गरेको भौचरको सक्कलै प्रति दरखास्तसाथ पेस गर्नु पर्नेछ। कुनै संघ/संस्थाका बहालवाला कर्मचारी उम्मेदवार हुनचाहेमा सम्बन्धित कार्यालयको स्वीकृति अनिवार्यरूपमा पेस गर्नुपर्नेछ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारबाही गरिने छैन। विज्ञापित पदहरूको लिखित परीक्षा एवं परीक्षासम्बन्धी अन्य जानकारी सम्पर्क मितिमा गराइने छ। सम्पर्क मिति पछि प्रकाशित गरिने छ। आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रमा बसोवास भएका उम्मेदवारहरूले नेपाल आयल निगम लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६३ (एक्काइसौं संशोधनसहित) को विनियम ४.२ को उपविनियम ९ मा उल्लेख भएका तत्तत् समूह सम्बन्धी कागजातहरूको प्रमाण सम्बन्धित निकायबाट प्राप्त गरी दरखास्तसाथ पेस गर्नु पर्नेछ। साथै, दरखास्त फाराम निगमको webside:www.nepaloil.com.np मा समेत राखिएको हुँदा उक्त फारामबापतको तिर्नु पर्ने रू. २५ तथा परीक्षा दस्तुरबापतको रकम राष्ट्रिय वाणिज्य बैंक बबरमहल, काठमाडौंस्थित निगमको खाता नं.१०९००६६२९४०१ मा जम्मा गरेको भौचरको सक्कल प्रति नै संलग्न गरी दरखास्त फाराम निगमको केन्द्रीय कार्यालय बबरमहल, काठमाडौंमा दर्ता गराउनु पर्नेछ।

| सि. नं. | पद/तह | विज्ञापन नं. | खुला/समावेशी | सेवा/समूह | माग पद सङ्ख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | परीक्षाको किसिम | गर्नु पर्ने कामको किसिम | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | उप-प्रवन्धक (मेकानिकल) तह ७ | ३३/०७२।७३<br>३४/०७२।७३<br>३५/०७२।७३ | खुला<br>आदिवासी/जनजाति<br>मधेशी | प्राविधिक/ इन्जिनियरिङ्ग | १<br>१<br>१ | मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको। | लिखित तथा अन्तर्वार्ता | विषयगत इन्जिनियरिङ्ग सम्बन्धी कार्य | रू. ८००।- |
| | उप-प्रवन्धक (सिभिल) तह ७ | ३६/०७२।७३<br>३७/०७२-७३<br>३८/०७२-७३ | खुला<br>महिला<br>आदिवासी/जनजाति | | २<br>१<br>१ | | | | |
| | उप-प्रवन्धक (इलेक्ट्रिकल) तह ७ | ३९/०७२-७३ | महिला | | १ | | | | |
| | उप-प्रवन्धक (केमिकल) तह ७ | ४०/०७२-७३ | महिला | | १ | | | | |
| | उप-प्रवन्धक (पेट्रोलियम) तह ७ | ४१/०७२-७३ | खुला | | १ | | | | |
| | उप-प्रवन्धक (इण्डष्ट्रियल) तह ७ | ४२/०७२-७३ | खुला | | १ | | | | |
| २. | उप प्रवन्धक (कम्प्यूटर इन्जिनियर) तह ७ | ४३/०७२-७३ | महिला | प्राविधिक/ विविध | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको। | लिखित तथा अन्तर्वार्ता | कम्प्यूटर सम्बन्धी काम | रू. ८००।- |
| ३. | सहायक प्रवन्धक (प्रशासन) तह ६ | ४४/०७२-७३<br>४५/०७२-७३<br>४६/०७२-७३<br>४७/०७२-७३<br>४८/०७२-७३ | खुला<br>महिला<br>आदिवासी/ जनजाति<br>मधेशी<br>दलित | अप्राविधिक/ प्रशासन | ५<br>१<br>१<br>१<br>१ | मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। | लिखित तथा अन्तर्वार्ता | प्रशासनिक कार्य | रू. ७००।- |
| ४. | सहायक प्रवन्धक (लेखा) तह ६ | ४९/०७२-७३<br>५०/०७२-७३<br>५१/०७२-७३<br>५२/०७२-७३ | खुला<br>आदिवासी/जनजाति<br>मधेशी<br>दलित | अप्राविधिक/ लेखा | ३<br>१<br>२<br>१ | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। | लिखित तथा अन्तर्वार्ता | लेखा सम्बन्धी कार्य | रू. ७००।- |
| ५. | सहायक प्रवन्धक (कम्प्यूटर/आइ.टी) तह ६ | ५३/०७२-७३<br>५४/०७२-७३ | खुला<br>मधेशी | प्राविधिक/ विविध | २<br>१ | मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर इञ्जिनियरिङ्गमा स्नातक वा कम्प्यूटर साइन्समा स्नातक वा सूचना प्रविधिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको। | लिखित, प्रयोगात्मक तथा अन्तर्वार्ता | कम्प्यूटर/आइ.टी. सम्बन्धी कार्य | रू. ७००।- |
| ६. | वरिष्ठ सहायक (प्रशासन) तह ५ | ५५/०७२-७३<br>५६/०७२-७३<br>५७/०७२-७३<br>५८/०७२-७३ | खुला<br>आदिवासी/जनजाति<br>मधेशी<br>अपाङ्ग | अप्राविधिक/ प्रशासन | ३<br>१<br>१<br>१ | मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको। | लिखित तथा अन्तर्वार्ता | प्रशासन सम्बन्धी कार्य | रू. ४००।- |
| ७. | वरिष्ठ सहायक (लेखा) तह ५ | ५९/०७२-७३<br>६०/०७२-७३<br>६१/०७२-७३ | खुला<br>महिला<br>अपाङ्ग | अप्राविधिक/ प्रशासन | २<br>१<br>१ | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्रमा प्रविणता प्रमाणपत्र तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको। | लिखित तथा अन्तर्वार्ता | लेखा सम्बन्धी कार्य | रू. ४००।- |
| ८. | वरिष्ठ सहायक (ल्याव) तह ५ | ६२/०७२-७३<br>६३/०७२-७३ | खुला<br>आदिवासी/जनजाति | प्राविधिक/ ल्याव | १<br>१ | मान्यताप्राप्त शिक्षण संस्थाबाट केमिष्ट्री विषय लिई विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरेको। | लिखित, प्रयोगात्मक तथा अन्तर्वार्ता | ल्याव सम्बन्धी काम | रू. ४००।- |
| ९. | वरिष्ठ सहायक (कम्प्यूटर) | ६४/०७२-७३<br>६५/०७२-७३<br>६६/०७२-७३ | खुला<br>आदिवासी/जनजाति<br>मधेशी | प्राविधिक/ विविध | २<br>१<br>१ | मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण, वा मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ६ महिनाको कम्प्यूटर सम्बन्धी (कम्तिमा Basic Office Package and database) तालीम प्राप्त गरेको। | लिखित, प्रयोगात्मक तथा अन्तर्वार्ता | कम्प्यूटर सम्बन्धी कार्य | रू. ४००।- |
| १० | सहायक (प्रशासन) तह ४ | ६७/०७२-७३<br>६८/०७२-७३<br>६९/०७२-७३ | खुला<br>मधेशी<br>दलित | अप्राविधिक/ प्रशासन | २<br>१<br>१ | मान्यताप्राप्त शिक्षण संस्थाबाट SLC वा सो सरह उत्तीर्ण गरेको। | लिखित तथा अन्तर्वार्ता | प्रशासनिक कार्य | रू. ३००।- |
| ११. | सहायक (लेखा) तह ४ | ७०/०७२-७३<br>७१/०७२-७३<br>७२/०७२-७३<br>७३/०७२-७३<br>७४/०७२-७३ | खुला<br>महिला<br>आदिवासी<br>मधेशी<br>पिछिडिएको क्षेत्र | अप्राविधिक/ लेखा | ४<br>१<br>१<br>१<br>१ | मान्यताप्राप्त शिक्षण संस्थाबाट SLC वा सो सरह उत्तीर्ण गरेको। | | लेखा सम्बन्धी कार्य | रू. ३००।- |
| १२. | सहायक (मिस्त्री) तह ४ मेकानिकल | ७५/०७२-७३<br>७६/०७२-७३ | खुला<br>महिला | प्राविधिक/ इन्जिनियरिङ्ग | २<br>१ | एस.एल.सी. उत्तीर्ण र मान्यताप्राप्त प्राविधिक शिक्षालयबाट मेकानिकल सम्बन्धी एक वर्षको तालीम अथवा मेकानिकल कार्यको ३ वर्षको अनुभव | लिखित, प्रयोगात्मक तथा अन्तर्वार्ता | मिस्त्री सम्बन्धी कार्य | रू. ३००।- |

**नोट:**

१. उपर्युक्त अनुसार सबै तह/पद/सेवा/समूहहरूको परीक्षा केन्द्र काठमाडौंमा हुनेछ। उमेरको हदमा दरखास्त दिने अन्तिम मितिसम्म सहायक स्तरको हकमा १८ वर्ष पूरा भै ३५ वर्ष ननाघेको एवं अधिकृतस्तरको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। तर महिला एवं अपाङ्ग उम्मेदवारको हकमा भने दरखास्त दिने अन्तिम मितिसम्म उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको हुनुपर्नेछ।

२. दरखास्त दिने उम्मेदवारहरूले एउटै पद/तहको लागि १ भन्दा बढी समावेशीमा दरखास्त दिने भएमा प्रति समावेशी सातौं तहको लागि रू.२००।-, छैठौं तहको लागि रू.१७५।-, पाँचौं तहको लागि रू.१००।-चौथो तहको लागि रू.७५।- थप परीक्षा दस्तुर रकम बुझाउनु पर्नेछ।

३. निगममा स्थायीरूपमा कार्यरत कर्मचारीको हकमा निगमको सेवामा प्रवेश गर्दा वा बढुवा हुँदा समावेशीको सुविधा उपभोग गरिसकेको भए पुनः सो सुविधा उपभोग गर्न पाउने छैन।

४. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

५. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरेको हुनुपर्ने र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाणपत्र वा लब्धाङ्क विवरण, ट्रान्सक्रिप्ट प्राप्त गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।

६. पाठ्यक्रम निगमको webside: **www.nepaloil.com.np** बाट प्राप्त गर्न सकिनेछ।

**पदपूर्ति समिति**
**नेपाल आयल निगम लिमिटेड**